## कलैया उपमहानगरपालिका

### नगर कार्यपालिकाको बैठक नं.०९/०८०/८१

आज मिति २०८०।०९।११ गते बुधवार दिउँसो १२:३० बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०९।०८०।८१ (नवौं बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | | |
| २. | रौशन परविन | नगर उपप्रमुख | | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सबिर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | लालबाबु महतो | वडा अध्यक्ष, वडा नं.१२ | | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | [signature] | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | [signature] | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | [signature] | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | [signature] | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | [signature] | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | [signature] | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | [signature] | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | [signature] | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | [signature] | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | [signature] | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | [signature] | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | [signature] | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | [signature] | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | [signature] | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | [signature] | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | [signature] | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | [signature] | |

**बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति**

| क.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री दिवाकर झा | प्रशासन प्रमुख | [signature] | |
| २. | श्री मञ्जु सोनार | प्र. पाँचौं | [signature] | |
| ३. | श्री श्यामबाबु प्र. शाह | कार्यालय सहयोगी | [signature] | |

# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०९/०८०/८१ मिति २०८०।०९।११ गतेको एजेण्डा तथा निर्णयहरू

## छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

**१. हिउँदे नगर सभा सम्बन्धमा ।**

**निर्णय:** पौष १९ गते बिहीवार दिनको ११ बजे हिउँदे नगर सभा आह्वान गर्ने निर्णय गरियो ।

**२. सफ्टवेयर खरिद सम्बन्धमा ।**

**निर्णय:** डि.पी.आर. तयारी शिर्षकबाट रु.१३,००,०००।- विनियोजन गरी सबै शाखाको काम कारबाही सम्बन्धी जानकारी एस.एम.एस. मार्फत श्रीमान् नगर प्रमुख ज्यूको मोबाइलमा जाने सफ्टवेयर खरिद गर्ने निर्णय गरियो ।

**३. ग्राभेल बिक्री सम्बन्धमा ।**

**निर्णय:** मिति २०८०।०७।२० गते बसेको कार्यपालिका बैठक नं.०६।०८०।८१ को निर्णयानुसार गठन भएको समितिले मिति २०८०।०९।११ गते पेश गरेको प्रतिवेदन अनुसार वडा नं.२४ श्रीपुर स्थित रहेको ढुङ्गा गिट्टीहरूको(ग्राभेल) न्यूनतम रकम रु.५४६४५७।५० कायम गरेकोले सो ग्राभेलको बिक्री गर्नको लागि न्यूनतम रकम रु.५४६४५७।५९ कायम गरी स्थानीय पत्रिकामा सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**४. समपुरक र विशेष**

**निर्णय:** तपसिल बमोजिमको योजनाहरू समपुरक र विशेष तर्फ संघ र प्रदेशलाई सिफारिस गर्ने निर्णय गरियो ।

(क) संघ तर्फ

- समपुरक
    - पुल कलभर्ट वडा नं.२७
    - नगर सभा गृह
    - ठूलो दोहोरी पार्क वडा नं.२
    - समसान घाट वडा नं.१ र ४
- विशेष
    - ल्याण्डफिल साइट निर्माण कार्य
    - सिद्धेश्वर पार्क

(ख) प्रदेश तर्फ

- समपुरक
    - वडा नं.९ मैदा मिलदेखि रामजानकी मन्दिर वडा नं.४ जाने बाटो ढलान र नाला निर्माण
- विशेष
    - रामजानकी मन्दिर सौन्दर्यीकरण वडा नं.२६

**५. कृषि मिटर बिल भुक्तानी सम्बन्धमा ।**

**निर्णय:** कलैया उपमहानगरपालिकाको कृषि विद्युत महसुलमा अनुदान भुक्तानी दिने सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

६. **विद्युत पोल भाडा वृद्धि सम्बन्धमा।**

**निर्णय**: आ.व. २०५५/५६ देखि यस उपमहानगरपालिकाको क्षेत्राधिकारभित्र रहेको विद्युत पोलहरूमा मासिक रु-।२५०.प्रति पोल भाडा रहेकोमा २०८० माघदेखि लागु हुने गरी रु.४००।– प्रति पोल प्रति महिना भाडा तोक्ने निर्णय गरियो।

७. **आर्थिक सहयोग सम्बन्धमा।**

**निर्णय**: तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

(क) मानव सेवा आश्रमलाई रु.१ लाख ०१ हजार मात्र आर्थिक सहयोग उलपब्ध गराउने निर्णय गरियो।

(ख) यस कार्यालयको वातावरण तथा विपद् व्यवस्थापन शाखामा स्थायी कर्मचारीको रुपमा कार्यरत ना.सु. प्रमोद कुमार सहनीको मिति २०८०।०९।०३ गते सवारी दुर्घटनामा परी टाउकोमा गम्भीर चोटपटक लागेको र निज हालसम्म अचेत अवस्थामा एल.एस. न्यूरो हस्पिटल विरगंजमा भर्ना रहेकोमा निजको मष्तिष्कको अप्रेसन गर्नुपर्ने भएकोले त्यहाँबाट पनि रेफर भई निजलाई काठमाण्डौ लिएर जानु पर्ने अवस्था सिर्जना भएकोले उपचार गराउनको लागि रु. ७५०००।-(पचहत्तर हजार मात्र) आर्थिक सहायता निजको श्रीमति श्री रिना देवीलाई उपलब्ध गराउने निर्णय गरियो।

(ग) कलैया-१८ निवासी तथा सँस्कार एफ.एम.का पत्रकार श्री जिउत प्रसाद यादवको ब्रेन ह्यामरेज भई हाल उपचाररत रहेकोले निजको उपचारको लागि रु.२५०००।-(पच्चीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

(घ) यस कार्यालयका कृषि स्नातक प्राविधिक श्री कुन्दन यादवको सवारी दुर्घटनामा परी चोट पटक लागेकोले निजलाई रु.२००००।– आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

(ङ) श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, बसतपुर (बारा) नेपालका कक्षा ७, ८, ९ र १० मा अध्ययनरत विद्यार्थीहरू शैक्षिक भ्रमणका लागि विद्यालयले रु.३,२६,०००।– रकम सहयोग उपलब्ध गराइदिनु भनी मिति २०८०।०९।११ गतेको पत्रबाट अनुरोध भएकोले उक्त विद्यालयको नाममा रु.४०,०००।– (चालिस हजार मात्र) शैक्षिक भ्रमणको लागि उपलब्ध गराउने निर्णय गरियो।

(च) कलैया-५ निवासी आशा इम्पोरियमका प्रोपराइटर श्री आयुष कुमार गुप्ताको दुवै मृगौला फेल भई मृगौला प्रत्यारोपन भई उपचारको क्रममा रहेकोले निजलाई निजको माछापुच्छे बैंकको खाता नं.१५१००८६१७७८०००१६ मा उपचारको लागि रु.२०,०००।– आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

(छ) आईटी आर्मीको ऐतिहासिक तेस्रो राष्ट्रिय भेला तथा सप्ताहव्यापी प्रशिक्षण कार्यक्रम गर्नको लागि आर्थिक सहयोग उपलब्ध गराइदिनु भनी निवेदन आएकोले आईटी आर्मीलाई रु.२०,०००।-(बीस हजार) उपलब्ध गराउने निर्णय गरियो।

८. **श्री ने.रा.नमूना मा.वि. को फिल्ड विस्तार सम्बन्धमा।**

**निर्णय**: कलैया-१ स्थित श्री ने.रा. नमूना मा.वि. कलैयाको फिल्ड विस्तारको लागि विद्यालय व्यवस्थापन समितिले मिति २०८०।०८।११ गते विद्यालयको पर्खालसँग टाँसिएको श्रीमति राजभरि अहिरिनको साविक गा.वि.स. कलैया वडा नं.६ हाल कलैया उपमहानगरपालिका वडा नं.१ को कित्ता नं.९८ ज.वि. ०-२-० (दुई कठ्ठा) जग्गा उचित मूल्यमा बिक्री गर्न जग्गाबाला तयार भई निवेदन दिएकोले उक्त जग्गा खरिद गर्ने भनी निर्णय गरेको तथा उक्त जग्गा खरिद गर्न वडा नं.१ को च.नं.४२९ मिति २०८०।०५।१९ गतेको सिफारिस पत्र (यस कार्यालयको दर्ता नं.८६९४ मिति २०८०।०८।२४) आएकोले प्रचलित कानून बमोजिम उक्त जग्गा खरिद गर्न जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**९. वडा नं.८ को फन पार्कको लागि जग्गा खरिद सम्बन्धमा।**

**निर्णयः** कलैया उपमहानगरपालिका वडा नं.८ का वडा स्तरीय बजेटबाट आ.व. २०८०।०८१ मा पार्क निर्माणको लागि जग्गा खरिद गर्न रु.३०,००,०००।- (तिस लाख मात्र) छुट्टयाइएकोले तपसिलको जग्गा खरिद गर्ने भनी मिति २०८०।०५।२७ गते वडा नं.८ का वडा समितिले निर्णय गरेको, वडा नं.८ को च.नं.५४६ मिति २०८०।०८।१४ गतेको उक्त जग्गा खरिद प्रक्रिया अगाडी बढाइदिनु भनी सिफारिस पत्र(यस कार्यालयको दर्ता नं.९७८० मिति २०८०।०९।११) प्राप्त भएकोले उक्त जग्गा खरिद गर्नको लागि जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो।

तपसिल

| जग्गा धनीको नाम | जिल्ला | साविक गा.वि.स. र वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| दिनानाथ प्रसाद सर्राफ | बारा | सिसहनिया, ७ | ५५० | ०-३-० | |
| | बारा | सिसहनिया, ७ | ४२७ | ०-१-१५ | |
| | बारा | सिसहनिया, ७ | ५२५ | ०-०-१५ | |
| सुगान्धी देवी | बारा | सिसहनिया, ७ | ५५१ | ०-३-० | |
| | बारा | सिंसहनिया, ७ | ३९९ | ०-१-५ | |
| | बारा | सिसहनिया, ७ | ४०० | ०-१-५ | |
| महापती देवी कोइरीन | बारा | सिसहनिया, ७ | २७३ | ०-२-१५ | |

**१०. क्रिकेट स्टेडियम निर्माणको लागि जग्गा उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णयः** कलैया उपमहानगरपालिका वडा नं.१७ मा रहेको नेपाल सरकारको ऐलानी जग्गामा क्रिकेट स्टेडियम निर्माण कार्य गर्नको लागि जग्गा निरीक्षण समेत भईसकेको हुँदा सो जग्गाको कि.नं.१ र ५ मा क्रिकेट स्टेडियम निर्माण कार्य गर्नको लागि प्रक्रिया अगाडी बढाई दिनु हुन भनी वडा नं. १७ को च.नं.४३७ मिति २०८०।०८।२४ गतेको सिफारिस पत्र (यस कार्यालयको दर्ता नं.८७३८ मिति २०८०।०८।२४) प्राप्त हुन आएकोले क्रिकेट स्टेडियम बनाउनको लागि प्रचलित कानून अनुसार उक्त ऐलानी जग्गा यस उपमहानगरपालिकाको नाममा लिजमा उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो।

**११. गुरुकुलम् ट्रस्टको लागि जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णयः** कलैया उपमहानगरपालिका वडा नं.४ स्थित मिति २०८०।०१।२१ गतेमा दर्ता भएको **गुरूकुलम् ट्रष्ट** (स्थायी लेखा नम्बरः ६१०४९५९०२) लाई अन्यत्र वर्गीकरण नगरिएका व्यक्तिगत सेवा सम्बन्धी अन्य क्रियाकलापहरू, अन्यत्र उल्लेख नगरिएका अन्य शैक्षिक कार्यक्रमहरू, अनाथ बालगृहहरू, अन्य मौद्रिक मध्यस्थता सम्बन्धी क्रियाकलाप, अन्यत्र वर्गीकरण नगरिएका अन्य सदस्य संस्थाहरूका क्रियाकलापहरू, सदस्य संस्थाहरू वा अन्य निकायहरूले प्रदान गर्ने अनुदानको क्रियाकलापहरू गर्नको लागि यस उपमहानगरपालिका वडा नं.१८ को बंगरी खोलाको पश्चिम पट्टीको कित्ता नं.१० को ऐलानी जग्गा मध्येबाट यस गुरूकुलम् ट्रस्टलाई एक बिगहा दश कट्ठा जग्गा उपलब्ध गराउनको लागि गुरूकुलम् ट्रष्टको संचालक समितिको बैठकको मिति २०८०।०५।११ गतेको निर्णयानुसार वडा नं.१८ को कार्यालयलाई अनुरोध भए अनुसार वडा नं.१८ को च.नं.४९० मिति २०८०।०७।२० (यस कार्यालयको दर्ता नं.८६९५ मिति २०८०।०८।२४) को पत्रानुसार साविक गा.वि.स. ब्रह्मपुरी वडा नं.५ हाल कलैया उपमहानगरपालिका वडा नं.१८ को टोल मनगढवामा रहेको ऐलानी जग्गाको कि.नं.१० को ज.वि.७-१३-० मध्ये उत्तर तर्फबाट १-०-० (एक बिगहा) जग्गा गुरूकुलम ट्रष्टलाई उलपब्ध गराउने भनी सिफारिस आएकोले सोही बमोजिम उक्त जग्गा लिजमा गुरुकुलम् ट्रष्टलाई उपलब्ध गराउनको लागि जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो।



CamScanner

**१२.खेलकुदको लागि रकम उपलब्ध गराउने सम्बन्धमा।**

**निर्णयः** खेलकुद सामग्री खरिद तथा गतिविधिको लागि विनियोजित रकमबाट खेलकुद सामग्री खरिद गर्न तथा खेलकुद गतिविधि गर्न प्रत्येक वडालाई रू.५०,०००/-(पचास हजार मात्र) को अख्तियारी दिने निर्णय गरियो।

**१३.उपभोक्ता समिति मार्फत खानेपानी योजना सञ्चालन गर्ने सम्बन्धमा।**

**निर्णयः** वडा नं.८ ले आ.व.२०८०/८१ को स्वीकृत खानेपानी डीप बोरिङ्ग योजनाको कार्य उपभोक्ता समिति मार्फत गराउने निर्णय गरियो।

**१४.आन्तरिक श्रोतको योजना हाललाई सम्झौता नगर्ने निर्णय गरियो।**

**निर्णयः** यस आ.व. मा आन्तरिक आय तर्फ लक्ष्य अनुसारको राजस्व संकलन हुन नसकी राजस्वको अवस्था कमजोर रहेको तथा राज्यको पनि आर्थिक अवस्था कमजोर भई राजस्व परिचालन न्यून रहेकोले हाललाई आन्तरिक श्रोतबाट संचालन हुने योजनाहरूको सम्झौता नगर्ने नगराउने निर्णय गरियो।



Scanned with CamScanner